3rd Prize — Sanjaya Biswakarma.

Scripture Prize (A) Rajiv Pradhan.
(B) Santosh Sharma.
English Prize — Dhiraj Kumar Gupta.
Arithmatic " — Mingma Dorjee Lama.

CLASS I

A. K. Tshering Memorial : 1st Prize — Pravat Ranjan Thakur.
2nd Prize — Prakash Karki.
3rd Prize — Sachin Gajmere.
Arithmatic Prize — Sachin Gujmere.

K. G. SECTION

K. G. 'A'
1st Prize — Liza Lepcha.
2nd Prize — Jenifer Bhujel.
3rd Prize — Shirjana Lepcha.

K. G. 'B'
1st Prize — Sandip Thapa.
2nd Prize — Baby Tamang.
3rd Prize — Sachin Biswakarma.

ALL ROUND BEST STUDENT (KG) — Jenifer Bhujl.

* * * *

सुमाइट

कालिम्पोङ—१९९१

१७६-औं जन्म जयन्तीको उपलक्ष्यमा : भानु तिमी

—नवीन
बाह्रौं, कला ।

आदर्शताको शिक्षा दिई, राम कहानी लेख्यौ ।
मानवताको पाठ दिई, राम जीवनी लेख्यौ ॥
भ्रातृप्रेमको मंत्र दिई, लक्ष्मण चिनाइदियौ ।
स्वामिभक्तिको दीक्षा दिई, हनुमान उभ्याइदियौ ॥
भानु तिमी परम गुरु हौ ॥१॥

स्त्रीजनलाई शिक्षा दिई, वधु-शिक्षा रच्यौ ।
मानवलाई पाठ दिई भक्तमाला गाँस्यौ ॥
जीवनबारे मंत्र दिई प्रश्नोत्तर-माला उन्यौ ।
आत्मज्ञानको दीक्षा दिई, राम-गीता लेख्यौ ॥
भानु तिमी युगदर्शक हौ ॥२॥

चन्द्रमाको धमिलो रोशनीमा, भानु तिमी उदाइदियौ ।
काँढ़ाहरूको माझमा तिमी, पुष्प बनी फक्रिदियौ ॥
अन्य भाषालाई उछिनी, नेपाली भाषा चम्काइदियौ ।
नेपाली साहित्यको मुलद्वार बनी, बाटो देखाइदियौ ॥
भानु तिमी उज्ज्वलताको प्रतीक हौ ॥३॥

निरक्षर जनलाई साक्षर बनाई अज्ञानता हटाइदियौ ।
सारा नेपाली जगलाई उज्यालो पारी चम्काइदियौ ॥
शहर-शहरदेखि काँठ-काँठसम्म रामायण गुञ्जाइदियौ ।
महल महलदेखि गोठ-गोठसम्म रामलीला सुनाइदियौ ॥
भानु तिमी पथ प्रदर्शक हौ ॥४॥

अडिग हिमाल झैं रहन्छौ तिमी नेपाली जगत्मा ।
अटल ध्रुवतारा झैं रहन्छौ तिमी नेपाली नभमा ॥
उज्ज्वल भानु झैं चम्कन्छौ तिमी नेपाली साहित्यमा ।
कसले बिर्सला ? तिम्रा कृतिहरू युग-युगसम्ममा ॥
भानु तिमी अजर-अमर छौ ॥५॥

* * * *

श्री निमावाङ्दी 'अपतन'-सित भेटवार्ता

प्रश्नकर्ताहरू—सन्तोष बस्नेत,
नविन पौड्याल,
कृष्ण गिरी, बाह्रौं कक्षा कृषि ।

तपाईंहरू जानुहुन्छ सिक्किमको 'अपतन' संस्था एउटा महत्त्वपूर्ण साहित्यिक संस्था हो । जसले घेरै घेरै साहित्यको सृजना गरेको छ । तर तपाईंलाई थाहा छ ? यो 'अपतन' भन्ने शब्द कहाँबाट आयो ? यो शब्द विशेष चारजना साहित्यिक व्यक्तिहरूको नामबाट आएको हो । 'अ'-बाट अगमसिंह तामांग, 'प'-बाट पदम सिंह सुब्बा, 'त'-बाट तुलसीबहादुर क्षेत्री अनि 'न' बाट हाम्रो पाठशालाको (एस० यू० एम० आई०) भूतपूर्व शिक्षक श्री निमावाङ्दी टार्गेन ।

शिक्षक निमावाङ्दी टार्गेनसित एक भेटवार्ता यहाँ प्रस्तुत छ । उहाँको बैठक कोठामा बसी हामी हाम्रो प्रश्नको पोका खोल्छौं ।

प्रश्नः १) सर ! यहाँको जन्म कहिले अनि कहाँ भएको हो ? कृपया बताइदिनु हुन्छ कि ?

उत्तर— मेरो जन्म यही कालेबुङको १० माईलमा ताः ६ मई १९२३-मा भएको हो । मेरा पिता पांसग टार्गेन र माता तिमित टार्गेन हुनुहुन्थ्यो ।

प्रश्नः २) यहाँको स्कुले जीवन कहाँ देखि प्रारम्भ भयो ?

उत्तर— यही कालेबुङको कन्या पाठशाला (हालको कन्या उच्च पाठशाला)-मा शिशु श्रेणीबाट स्कुले जीवन

श्री निमावाङ्दी टार्गेन

शुरू भयो । तिनताक शिशु पाठशालालाई "काली देशी शिशु पर्वत" भनिन्थ्यो । यहाँ शिशु श्रेणी सकेपछि मेरो प्यारो स्कूल एस० यू० एम० आई० मा भर्ना भएँ ।

प्रश्नः ३) यहाँले शिक्षक जीवन कहिले अनि कहाँ बाट प्रारम्भ गर्नु भयो ?

उत्तर— सन् १९४६ साल देखि गान्तोक-को टासी नामग्याल स्कूलमा

सन् १९४८ साल सम्म शिक्षकको काम गरेपछि बी० ए० पढ्ने इच्छा हुँदा दार्जिलिंग आएँ। वहाँ बी० ए० पास गरेर सन् १९५१ साल देखि यहीको सेन्ट रोबर्टस् स्कूलमा शिक्षक भई १९५३ सम्म बसें। तर आफ्नै जन्म थलो कालेबुङमा नै काम गर्ने इच्छा हुँदा सितम्बर १९५३ देखि एस० यू० एम० आई०मा शिक्षक भई १९८९ मा यहीबाट अवकाश लिएँ।

प्रश्नः ४) सर! सिक्किमको माटोमा जन्मिएको "अपतन" साहित्य संस्थाको छोटकरीमा परिचय दिनु हुन्छ कि?

उत्तर— जब म गान्तोकमा शिक्षक काम गर्दै थिएँ; त्यस बेला मेरा अरू तीन जना साथीहरू अगमसिंह तामांग, पदम सिंह सुब्बा र तुलसी बहादुर छेत्री पनि शिक्षक नै थिए। हामी चारजना साह्रै मिल्थ्यौं; अनि छुट्टीका दिनहरू विशेष गरेर शनिबार हामीले घुम फिर र गफ गरेर व्यर्थमा समय बिताउने गर्थ्यौं। एक दिन हामीहरू बीचमा गफ गर्दा गर्दै यस्तो विचार आयो कि हामी एउटा शिक्षक भएर यसरी समय नष्ट गर्नु योग्य होइन। यसर्थ हामीले केही काम गर्नपर्छ भनी साथी तुलसी बहादुर छेत्रीले एउटा साहित्य संस्था खोल्ने, अनि सबैले कविता, कथा, निबन्ध नाटक इत्यादि लेख्ने सुझाव दिनु भयो। यसमा हामी तीनै जनाले समर्थन जनायौं। अब यो साहित्य संस्थाको नाम के राख्ने? भन्ने प्रश्न माथि मिके बेर बहस भयो। अन्तमा हामी चार जनाको पहिलो अक्षरबाट राखौं भनी 'अपतन' नामकरण गर्‍यौं। जति पनि कथा, निबन्ध, कविता, नाटक लेखिन्थ्यो तौ सबै तुलसी बहादुर छेत्रीले नै बटुल्ने गर्थे। किनकि हामी चाहिँ अलिक लापरवाही थियौं। पहिलो पल्ट हामीले एउटा कविता तोटक छन्दमा (तर मैले कविताको नाम चाँही बिर्सें) लेखेका थियौं। जुन कविता तिनताकको 'गोर्खा' पत्रिकामा प्रकाशित भएको थियो। यो हो सन् १९४७ सालको कुरा। यस पछि हामीले यो संस्थालाई बचाइराख्नको निम्ति कोष संग्रह गर्ने देवसी खेल्यौं। अनि नाटक 'मुकुन्द इन्दिरालाई संक्षिप्तीकरण गरी मंचन गर्‍यौं। जसमा मुख्य अभिनय गर्ने पदमसिंह सुब्बा हुनुहुन्थ्यो। यसरी विस्तार विस्तार 'अपतन' साहित्य संस्थाको नाम धेरै प्रचलित हुन थाल्यो। यसपछि हामी केही दिनको निम्ति सिक्किम कांग्रेस पार्टीमा राजनैतिक पनि भई टोपल्यौं।

प्रश्नः ५) सर! यहाँ कतिपय महानुभावहरूले 'अपतन' को 'न' चाँहि तपाई हो भन्दा पत्याउँदैनन् नि त?

'Ingredients of Modern Education'



Class XII Sc. Winners of the Quiz Competition in H.S. Section through the application of right formulas. 1990

Everybody had to squeeze to be in Mr. Bhanu's Quiz

Class IX winners of Quiz Competition in Secondary Section 90

'In the Beginning'

Onward SUMIANS bound
away to the ground



Hark the boys sing
tidings they bring

When you go back to them tell them for this football trophy we sacrificed our leisures. (S.U.M.I. XI winners of Sahid football trophy 90)

उत्तर— यसमा पत्याउने नपत्याउने त कुरै आउँदैन । किनभने म सान्तोकमा शिक्षक हुँदा खेरी हामी चार जना मिली 'अपतन' संस्था खड़ा गरेको भनी अघि नै भैले भनिहालें । अरू सबैले नामको पछि 'अपतन' लेख्दछन् तर म कहिले पनि लेख्दिन किनकि म व्यक्ति कथा कविताहरू लेख्ने गर्दिन; केवल खरीमट्टी (गुरू बाबु)-मा नै मेरो जीवन बिझो । यसैले मलाई नचिनेको र न जानेको होला ।

प्रश्नः ६) सर ! उसो भए यो संस्थामा यहाँहरू मध्ये विशेष कसको महत्त्वपूर्ण योगदान छ ?

उत्तर— यो संस्थामा विशेष योगदान र श्रेय त म साथी तुलसी बहादुर छेत्रीलाईनै दिन्छु औ छ पनि । उहाँ पहिला देखि नै अलिक होशियारी र उद्यमी हुनु भएकोले सबै भन्दा उन्नति पनि उहाँले नै गर्नु भएको छ । उहाँले साहित्य क्षेत्रमा 'डाक्टरेट' सम्मको उपाधि हासिल गरी हालमा 'कर्ण कुन्ती' खण्ड काव्यमा दिल्लीबाट एकाडेमी पुरस्कार प्राप्त गर्नु भयो । अझै पनि उहाँले पूरा नाम न लेखी तुलसी 'अपतन' भनेर आपनो परिचय दिनुहुन्छ ।

प्रश्नः ७) सर ! यहाँले पनि 'अपतन' भएर केही सम्मान वा पुरस्कार पाउनु भयो कि ?

उत्तर— हालैमा सुन्दैछु खोई के पुरस्कार हो कोनि, यो पाली सिक्किम सरकारद्वारा हामी प्रत्येकलाई दिने अरे ! सूचना पनि ढिलो पाएँ । घरेलु कारणले गर्दा ध्यान दिन सकिन ! राखिदिएको छ अरे, केही दिन पछि गएर थाप्नु पर्ला ।

प्रश्नः ८) सर ! 'अपतन' सस्थाको चारै भाइ अब फेरि जुट्न सकिएला ?

उत्तर— सकिंदैन । कारण अपतनको 'अ' अगमसिंह तामंगको क्यान्सर बिमारले निधन भइसक्यो 'प' पदम सिंह सुब्बा सिक्किममा हुनुहुन्छ । 'त' तुलसी बहादुर छेत्री काठमाण्डौंमा हुनुहुन्छ । 'न' निमावाङ्दी यहीं तिमीहरूको माझमा छु ।

प्रश्नः ९) सर ! सिक्किमका एक जना कवि राम 'अपतन' भनी परिचय दिनु हुन्छ । उहाँ कसरी 'अपतन' हुनु भयो ? कृपया बताइदिनु हुन्छ कि ?

उत्तर— हो उहाँको पूरा नाम रामदत्त हो । उहाँले यो 'अपतन' साहित्यिक संस्थालाई 'फलो' गर्नु भएको हो, र उहाँले पनि 'अपतन' नै लेख्नु हुन्छ । अपतन जसले पनि लेख्न सक्छ जो यस संस्थामा रूचि राख्दछ ।

प्रश्नः १०) सर ! यहाँ 'अपतन' अस्तो साहित्यिक संस्थाको कर्मठ सदस्य भएर साहित्य न पढ़ाएर किन हिसाब पढ़ाउनु भएको ?

उत्तर— म जुन शिक्षकको बदलिमा एस० यू० एम० आई० पाठशाला-मा लागेको थिएँ, उनी हिसाब नै पढ़ाउने शिक्षक थिए । फेरि साहित्यपट्टि घनराज सर र अरू शिक्षकहरू पर्याप्त भएकोले मैले हिसाब नै पढ़ाउन पऱ्यो । हुनत म विद्यार्थी जीवनदेखि नै हिसाबमा कमजोर थिएँ । मेट्रिक-मा पनि ठिक ३० अंक मात्र पाएको थिएँ । तरे पनि शिक्षक जीवन हिसाबमा नै बिताएँ ।

प्रश्नः ११) सर! यहाँको पवित्र मंत्र 'एक भूल एक बेत' कहिले देखि शुरू गर्नु भयो ?

उत्तर— जब म गान्तोक अनि दार्जिलिङ-का स्कूलमा शिक्षक थिएँ त्यस बेला यहाँका विद्यार्थीहरूको अनुशासन, लगन अनि पढ़ाइतर्फ झुकाव देख्दा साह्रै आनन्द लाग्थ्यो । आफ्नो ठाउँ (कालेबुङ)-मा पनि यस्तै विद्यार्थीहरूलाई पढ़ाउन पाए हुन्थ्यो भन्ने मनमा सम्झन्थें । भाग्यवश एकदिन साँच्चै नै यहाँ एस० यू० एम० आई०-मा काममा नियुक्त भएँ । दार्जिलिंग-मा हुँदा पनि पाँचौ र छैटौं श्रेणीमा हिसाब पढ़ाउथें । फेरि यहाँ पनि हिसाब नै पढ़ाउन पऱ्यो ।

जब परीक्षा फल निस्क्यो सबै विद्यार्थीहरूको हिसाबको अंक देखेर, तत्कालिन प्राचार्य डब्लू० एम० स्कट साह्रै रिसाउनु भयो, अनि मलाई प्याच्चै भन्नु भयो "तिमीले कस्तो पढ़ायौ, कि पढ़ाउन जान्देनौ ?" म चुप लागें; साँच्चै नै प्रायः जस्तोको शून्य अंक थियो । पछि सम्झें विद्यार्थीहरूलाई प्यारो गरेर पढ़ाउनु नहुँदो रहेछ । अलिक तर्साउनु अथवा डर देखाउनु पर्ने रहेछ । जसले गर्दा डरैले पनि सिकोस् । यसरी डर देखाएर भूल गर्नेहरूलाई एक भूल-को एक बेत चखाइदिनुपऱ्यो भन्ने विचार गरें । केहि दिन पछि देखि साँच्चै यस्ते गर्न थालें । धेर जसोले डरैले सिक्न थाले अनि पछि पछि यसमा सफल भएको देखें । तर हाम्रै नेपाली केटाहरू-ले बेतसित नडराएर सिक्न सकेनन् । पछि पछि त म सुन्छु त मेरो नामै पो 'एक भूल एक बेत' बसेछ ।

प्रश्नः १२) सर! अरू शिक्षकहरूलाई केही सन्देश दिनुहुन्छ कि ?

उत्तर— त्यो शिक्षक सफल हो ! जसले विद्यार्थीको अज्ञानतामा गाली गरेर, कुटेर मात्र होइन, तर राम्ररी बुझाएर, सिकाएर उनी-हरूको खाँचो पूर्ण गरिदिनसक्छ । यहि मेरो सन्देश छ ।

यसरी धेरै बेरको गप्पन पछि हाम्रा प्रश्नका उत्तरहरू पोका पारी प्यारो सर निमावाङ्दी 'अपतन' संग हामी तीन भाइ दुइ हातले नमस्कार गर्दै कोठा देखि बाहिरिदै विदा लियौं ।

* * * *

विदा 'सुमी' तिमीलाई

सन्तोष बस्नेत
बाह्रौं श्रेणी 'कला'

आहा ! सुनौलो विद्यार्थी जीवन भन्दा भन्दै
वितिसकेछ चाले नपाई
हिजे जस्तो लाग्छ 'सुमी'मा लागेको
विदा पो हुन लागेछ अब यही ।
गुरूजनको पवित्र शिक्षा
गुरूजनको अमूल्य उपदेश
विहानीको प्रार्थना सभामा
गुरूले आफ्नो प्रार्थना पोखाइदिएका
प्राचार्यका अमूल्य सूचना र शिक्षाहरू
तल 'मिलग्राउन्ड'मा लाइन लागेर उफ्रेको
भाग्न लाग्दा पवित्र वेतहरू बज्नेको
यी त कहाँ विर्सन सक्छु र····!
"एस० यू० एम० आई० ब्ल्याक एण्ड वाइट" भनी
मेलाटारको हरियो चउरबाट चिच्याएको
कालो र सेतो लुगामा डटिएर
स्वाधीनता दिवस मनाएको
आहा ! यी रमाईला दिनहरूका
अन्त पो हुन लागेछ !
'सुमी'मा बिताएका सुनौला जीवन
अब त,
सुखद घटनाको संझना मात्र भएछ
आज त अन्त भएछ भने
भोलिदेखि संघर्षमय जीवन शुरू हुनेछ ।
यसकारण
'सुमी' ती तिम्रा महान् शिक्षा र उपदेशहरू
साक्षी राखेर साँचो मानेर
केही दिन नसकेता पनि
तिम्रो 'बलिरहेको झाड़ी' मैं
तिमी पनि बलिरहू, ज्योति फिजाइरहू
यही मेरो शुभकामना र सन्देश तिमीलाई
अनि विदा·····विदा·····विदा
सुमी तिमीलाई !!

* * * *

गोर्खा रोबिन्सन् क्रुसो

(सत्य घटनामा आधारित)

राजेश गुरुङ (भूतपूर्व छात्र)
कालिम्पोंग कलेज

"वीर पूजा सभ्यताको एक अंग हो"

परन्तु, इतिहासको दौड़ाईमा पछाड़िएको हाम्रो समाजमा वीरहरूको पूजा गर्ने प्रथा अधिकांशः विलय भएर गएको छ.....!

(—"पाँड़े काजी" —महानन्द पौड्याल)

यसै प्रसंगमा मेरा प्रबुद्ध पाठकवर्गको आकर्षण एक अन्वेषणात्मक लेखतर्फ बढ़ाउँदछु.....।

"सन् १९४१ मा दोस्रो विश्व युद्धको ज्वाला संसारभरि फलिसकेको थियो। भारतको 2/1 G.R. जापानको सामना गर्ने भनी मलाया पठाएको थियो। यस समय लुमभुमको "फुरसा" निवासी युवा नाकान गुरुङ पनि पुग्छन्। मलायाको घनघोर जंगलमा वीरतापूर्वक लड़दा लड़दै "नाकानको" बटालियनको सबै जना सोतर भएर मारिन्छन्, मात्र सत्र जना बाँच्छन्। एक सप्ताहसम्म एक दाना पनि अन्न मुखमा नपरी भोको पेट र तिर्खाएको शिथिल शरीर लिएर ब्रिटिश हेडक्वार्टर आइपुग्छ।

"हुकुमलाई जवाफ छैन"— सिद्धान्तमा अडेका गोर्खाहरू जापानी आक्रमणलाई रोक्न पुनः जंगलमा पठाइन्छन्। अतएव, नाकानलाई औले ज्वरोले समात्छ, र चाप्दै लैजान्छ। जंगल अन्धकार छ, आक्रमण जारी छ, तर न ओषधी उपचार थियो न त डाक्टर। केही दिनसम्म हिड़न नै नसक्ने भए पछि साथीहरूले उसलाई सानो स्याउलाको झुप्रो बनाई त्यसै अन्धकारमय जंगलमा केही आलु, सकरखण्डा, चामल, चियापत्ती अनि आश्रयको निम्ति राशीनको दुइ बोरा छाड़ेर, अबिलम्ब आउने मिथ्या आश्वासन देखाएर बन्धुहरू जान्छन्।

विदेशको पटेर जंगलमा एक्लो नाकान चार पाउ टेक्दै नजिके कलकल बगिरहेको सरिताबाट एक अंजुली पानी पिउन सक्षम भई बोरामाथि लड़छ। यस्तै क्रमले केही दिन पछि शिथिल शरीरमा अलि ताकत आएको प्रतित हुन्छ। नाकानको जीवन साथीको नाममा केवल एक हाते खुकुरी मात्र हुन्छ, त्यसै खुकुरीको सहायताले वरिपरिको जंगल फाँडी त्यस ठाउँमा आलु र सकरखण्डा रोपिदिन्छ। कारण उसको चामल निस्किदै गएको हुन्छ, त्यस पछि बाँचेको समय जंगली जानवरहरूलाई पासो थापी मार्ने काम गर्छ। खोलामा दुवालो फर्काएर माछा मार्छ। यसरी उसले एक्लो जीवन निर्वाह गर्न थाल्छ, र अर्को जीवनको यात्रा शुःभारम्भ गर्छ। दिन, सप्ताह, महीना, गर्दै एउटो सिंगो वर्ष बगेर जान्छ, उसलाई लिन बन्धुगण कहिले आएनन्। एक दिन एउटा रुखको टुप्पोमा चढ़ेर चारैतिर आफ्नो जोड़ा चक्षु दौड़ाउँछ। अफशोस! तर केही देखिदैन, देख्न त केवल जंगलै-जंगलको राश। घाम पनि छिर्ननसक्ने यस मलायाको जंगलमा युवा नाकान गुरुङ पूर्ण रूपले गोर्खा रोबिन्सन क्रुसो बनिसकेको हुन्छ।

अन्तमा, आठ वर्षको अन्तरालपछि १९४९ मा कम्युनिष्ट गोरिल्लाहरूको खोजीमा पठाएको एक प्लाटुन गोर्खा फौज

संयोगले यहाँ आइपुग्छ । यस प्लाटुनको अधिनायकले अकस्मात् ··· ··· ···!

एक लामो-लामो जुँगा दाह्री केश र नङ भएको एउटा स्याउलाले बेह्रिएको झुप्रोमा झुप्रो लुगामा बेरिएको एक अद्भूत प्राणी देख्छन् । अधिनायकको होश गायब हुन्छ । आतिएर कराउँदै नजीकैका जवानहरू सामु पुग्छन् । ती गोर्खा फौजले यस अद्भूत प्राणी लाई निश्चय नै कम्युनिष्ट गोरिल्ला-को छल् ने ठानेर दुइ हात खुट्टा बाँधेर भुइँमा लड्याउँछन; यसै ताँतीमा एक जवानले आफ्नो भाषामा अर्को साथीलाई भन्छ 'गोली किन खर्च गर्ने यार ?'

'यसलाई खुकुरीले नै छप-छप पारे असल होइन' !

आठ वर्षसम्म एक्लै जंगलमा बिताउन परेको र कसैसंग केही बोल्न नपाएको यस अद्भूत प्राणी एक प्रकारले गोंगा जस्तै भइसकेको थियो । तर आफ्नो भाषा बुझे पछि यस अद्भूत प्राणी कराउँछ···

"मलाई नमार !"

"म पनि गोर्खा हुँ !"

"मेरो नाम नाकान गुरुङ हो !"

के-के उदेक सब छक परे, सपना कि विपना यस्तो ? पछिबाट नाकानले बिगतका दुर्भाग्यबारे जानकारी दिंदा पो ती गोर्खा पल्टनहरू थाहा पाउँछन्, पुनःमिलन भएको हर्षमा नाकानको आँखाबाट आँसु खस्छ मानो चैत/वैशाखको झरी झैं ।

दोस्रो विश्व युद्ध थामिसकेको हुन्छ । जापानको हिरोसीमा, नागासाकीमा दुइ वटा अणुबम अमेरिकाले खसाली सकेको थियो; फलतः लीग अफ नेसन्स् विफल भएर अर्को नाम यू० एन० ओ० आशा र विश्वबन्धुत्वको निम्ति खड़ा भइसकेको थियो ।

भारतमा साम्राज्यवादी शक्ति अंग्रेजहरूको दीर्घ दुइ सय वर्ष भन्दा अधिक शासन व्यवस्थाको कसिलो साङ्लो चुक्सिकेको थियो । भारत स्वतंत्र भएछ, नाकानको रेजिमेण्ट भारतमा परेछ र यहाँ आएका फौजहरूको रेजिमेण्ट हङकङ ब्रिटिश आर्मी-मा परेको रहेछ ।

यसपछि ती गोर्खा फौजहरूले नाकान लाईसँगै लिएर फर्कन्छन् र पछि सबै प्रबन्ध मिलाई उसलाई भारतको राजधानी नयाँ दिल्लीमा फर्काइन्छ ।

आज नाकान बाँचे नबाँचेको कुनै तथ्य नै छैन । अधिकांश सबैले उसलाई मरिसकेको ठहराउँछन् ।

परन्तु, 'गोर्खा रोबिन्सन क्रुसो' सदा, सर्वदा इतिहासमा एक वीर, कर्त्तव्य निष्ठा एवं आदर्श देशप्रेमी सिपाहीको रूपमा जीवित छन् ।

यस वीरको वीरगाथा सम्बंधी भारतीय इतिहासको पानाहरू अझ बांझै नै देखिन्छन् । हेरौं ! कतै, भावी गोर्खे इतिहासकारको कलमले यस दिशा तर्फ अनुसन्धानको निम्ति चासो राख्ला की ?

"तिमीले गरेको उत्सर्ग यहाँ,
भावीपिढ़ीले देख्नेछ,
उत्सर्ग गर···उत्सर्ग गर···"

—डा० लक्ष्मीदेवी सुन्दास

द्रष्टव्य : प्रस्तुत लेख "गोर्खा-रोबिन्सन क्रुसो" हिमालचुली दैनिक नेपाली वर्ष— ९ स्तम्भमा प्रकाशित ।

संख्या—१३८
१५ जुन, १९९० —लेखक ।

* * * ■

प्रायश्चित ने आशीर्वाद

लेखक :— राजीव पराजुली
एघारौं श्रेणी 'कला'

टङ ·· टङ ·· टङ ·· पाठशालाको घण्टी लाग्यो । तर अझै प्रदीप उसका साथी-हरूसंग खोप्पी खेल्ने धुनमा मस्त थियो । त्यसैबेला उसको आफ्नो श्रेणीको साथी रमेश आएर भन्यो—, "प्रदीप, घण्टी लागिसक्यो, स्कूल जौं, किन खेलिरहेको ?" प्रदीप कड़किए झैं लाग्छ "तिमीलाई खाँचो के को पऱ्यो ? म खेलिबसौं कि स्कूल जाँऊ ! तिमी आफ्नो बाटो जाउ, म आफ्नो खुशी गर्छु ।" रमेश अझ नम्रभावमा साथीलाई सम्झाउन लाग्छ "अन्त सरले पनि तिम्रो नाम काटिदिन्छु भन्नुहुदैथ्यो" ? प्रदीप फेरि कड़कियो— "नाम काटोस् कि राखोस् तिमीलाई म भन्दैछु तिमी आफ्नो बाटो जाऊ, नत्र···· ठीक हुने छैन ।" साथीको यस्तो व्यवहार र वचन देखि रमेश खिन्न मन लिएर पाठशालातिर लाग्यो । रमेश र प्रदीप बाल्यकालदेखि साथी, दुवै सँगै गाउँका प्राथमिक पाठशाला पढ़िसकेर शहरको उच्च पाठशालामा लागेको मात्र एक वर्ष भएको छ । दुवै छैटौं श्रेणीको छात्र ।

समय बितेर गयो, वार्षिक परीक्षा पनि सिद्धियो । परीक्षाको फल निस्कियो । रमेश श्रेणीमा प्रथम हुन्छ तर प्रदीप चाहिं फेल । दिन बित्न कतिबेर लाग्दैन, समय-ले एक पल्टा खाँदा आज रमेश माध्यमिक परीक्षामा पनि प्रथम दर्जामा उतीर्ण भएको छ उता प्रदीप छैटौं श्रेणीमा दोस्रो पल्ट पनि असफल भई पाठशाला पढ़न छाड़ी 'हेण्डी बोय' को रूपमा मोटर स्ट्याण्ड-को एक अभिनेता बन्न पुगेको छ । जीवनको बिडम्बनाले, समयले फेरि अर्को कोल्टे फेर्दा प्रदीप एक चोर बनिसकेको छ भने उता रमेश त्यस इलाकाको पुलिस इन्सपेक्टर भई भर्खर मात्र आफ्नो कार्य-भार सम्हालेको छ । पुलिस थानामा अधिकांश प्रदीपको नाम रहेको हुन्छ 'हिट् लिस्टमा' । पुलिस विभाग उसको पछि लागिसकेको हुन्छ ।

एक दिन रमेशकोमा एउटा सूचना आउँछ 'एक चोरले शहरको व्यापारी सेठ रामदासको हत्या गरी रूपियाँ-पैसा लुटेर लग्यो' भने । चारजना सिपाही र एक हवल्दारलाई इन्सपेक्टरले झट्ट कार्यवाही गर्न हुकुम साथै केही विशेष निर्देशहरू दिई पठाँउछ, र आफु पनि सतर्क बस्छ—उसैको निर्देश अनुसार चोर सहजै पक्रा पर्छ । हवल्दारले उसलाई इन्सपेक्टर कहाँ प्रस्तुत गर्छ । चोरको अनुहार देख्नसाथ इन्सपेक्टर छाँगोबाट खसे जस्तो हुन्छ । उसलाई चक्कर लाग्छ र केही क्षण् छेउको टेबलमा घोप्टेर घोरिन्छ, अनि विस्तारै आसामी तर्फ फर्केर अश्रुपूर्ण नयनले उनी भन्न लाग्दछन्— 'प्रदीप ! के हो यो ? मैले के देख्न परिरहेछ ? तिमी आज एक हत्याराको रूपमा·····?' प्रदीप भन्छ "हो इन्सपेक्टर साहब, म हत्यारा, के विश्वास भएन ? रमेश हतार-हतार उसको छेउमा गई उसको मुख आफ्नो हातले बन्द गर्दै भन्न लाग्छ— "प्रदीप मलाई 'इन्सपेक्टर' भनी गाली नगर मलाई चिन्नेनौ ? म तिम्रो बाल्यकालको साथी रमेश, तिमी सँगै माछा मार्ने साथी रमेश, तिमी सँगै खेल्ने, तिमी सँगै हाँस्ने

[illegible] संगै सिंगान पुछ्ने साथी-रमेश ।"
[illegible] रमेश ! मैले अघिबाटै चिनें ।' तिमी
[illegible] रमेश हौ—जसले मलाई सुधार्ने घेरै-
[illegible] स गर्‍यौ । तर म मूर्ख— पाखण्डी
[illegible] तिमीलाई उल्टा घमास दिन्थे, आज
[illegible] तिम्रो प्रदीप त्यो पापको फल भोग्न
[illegible] म्रो सामु एक हत्याराको रूपमा खड़ा
[illegible] । रमेश—"तिमी आफ्नो कर्तव्य पुरा गर ।"

ठिक त्यसै समय डी० एस० पी० का साथ अन्य पुलिसहरू आएर प्रदीपलाई अदालततिर लिएर जान्छ । अदालतमा प्रदीपलाई कारावासमा दण्ड भोग्दै अन्तिम निर्णयसम्म बिताउने न्यायाधीशको प्रथम निर्णय सुनाइन्छ । रमेश न्यायालयमा पुगेर यो सब सुनिरहेको हुन्छ । उसको हृदय रोइरहेको हुन्छ, तर उ सर्कारको सिन्दुर, लगाएको पुलिसको उर्दी र ब्याजमा सजिएको अफिसरको रूपमा आज हृदयमा आँसु गाँठो पारी नयनमा वर्साउन सक्दैन । प्रदीपलाई सिपाहीहरूले लिएर लैजै आइरहेको हुन्छ । रमेशलाई त्यस अवस्थामा देखी प्रदीप भन्नलाग्छ— "रमेश ! म जान्दछु आज तिम्रो हृदय कति छिया छिया भई परिरहेछ । तर तिम्रो मन यति सानो बनाउने तिम्रो कर्तव्य होइन । तिम्रो कर्तव्य हो । आज म जस्तो पापी र दुष्कर्मीलाई उचित सजाय दिनु । तिमी सन्तोष गर तिम्रो साथी प्रदीप एक पापी हत्याराले आज आफ्नो पापको फल भोग्दैछु, उसले आफ्नो कामको उचित पारितोषिक पाएको छ । आज तिम्रो साथीले पापको प्रायश्चित गरिरहेछ । कारावास भित्र मेरो प्रायश्चित ने तिम्रो निम्ति आशिर्वाद बनोस् । तिमी जस्तो इमान्दारी, सच्चा र कर्मठ साथीको निम्ति उन्नतिको शुभकामना मेरा यी प्रायश्चित ने तिम्रो निम्ति उज्ज्वल भविष्यको शुभकामना ।" प्रदीपलाई लिएर सिपाहीहरू विस्तारै अघि बढ़छन् ।

* * * *

मृत्यु पर्खिरहेछु

छुन्दा शेर्पा
एघारौं श्रेणी, कृषि-विज्ञान

दिन, हरपल, हर रात,
आफैलाई थकाएर
आफैसंग हारेर पर्खिरहेको छु
तितो व्यथाको झोल पिएर पनि,
तिमीलाई अनि—
मृत्यु पर्खिरहेछु ॥

म कहिल्यै रोइन,
मेरा स्नेह, माया, प्रेम, श्रद्धा र भक्ति रोए
तर आज ?
म पनि रोएँ तिमी जस्ते
तर मेरो आत्मा रोएन
मलाई पुरा-पुरा थाहा छ
म मर्छु,
अनि सबलाई थाहा छ
म मर्छु, तर—
मेरै स्तन चुसेर
आज मेरै छातीमा पाइला टेकेर
उभेका छन् मेरा छोरा-छोरी
अनि मेरो वास्ता नराखी
मोज-मज्जा गर्दैन् यिनीहरू
खोजी हिड़छन् आफ्नै पतन

यसरी मलाई रुन लगाउँछ ।
तर मेरो आँशु पिउँछन् यिनीहरू
मेरो जीउँदो लाश पखिरहन्छन् यिनीहरू,
उपचार गर्ने ल्याकत
न मेरो छ, न मेरा आफन्तहरूको,
यसरी मलाई मर्न दिइरहेछन्
आफ्नो-पौरख नभए पछि
आफ्नै असमर्थताको कारण
मृत्यु पर्खिरहेछु ।
मेरा छोरा-छोरीहरू
अझ पनि मानौं ने छन्,
अझ मेरो दुध पिउँछु भन्छन्,
मेरा स्तनहरू अझ पनि चुम्छन्,
अनि दुध नआउँदा
अनेक दवाई गर्छन्,
अनि धेरै, तर विषालु दुध पिउँछन्,
आफै नासिन्दै मासिन्दै जान्छन् ।
यही दबाइको असर मलाई परेको छ,
मलाई कहिल्यै जाती नहुने रोग लागेको छ,
सायद सोचेको होला
म सच्चै छु,
तर कसले सुनाइदिने यो दुःखको बात
यो मेरो चोलाको समाप्तीको कथा
यो बेराहरूलाई
जसले सुनेर पनि सुन्दैनन्,
बुझेर पनि बुझ्दैनन्,
सायद सोचेको होला
म मरे पनि जूनमा जान्छु, ग्रहमा चढ्छु,
तर कसलाई यहाँ ?
मेरो अन्त सँगै सबैको अन्त हुन्छ ॥

मानवता

पासङ्ग सेर्पा
एघारौं कक्षा (कला)

"किन ढिलो भयो ?" कक्षामा एक जना छात्रले मनै बिगारिदिएको बेला रमेश ढिलो आँउदा म गर्जेर प्रश्न गर्छु । उत्तर नआँउदा फेरि दोहोऱ्याँउछु । "माफ गारदिनोस् ।" उ डराई-डराई बोल्छ तर म रोसले अन्धो भएको मान्छे, ती सब कहाँ सुन्ने ? म उठेर दुइ चार बेत लगाउँछु र शान्तिको सास लिन्छु ।

दिन बित्छ । स्कूलको छुट्टी पश्चात् मेरो आफ्नो मान्छे अस्पतालमा भएकोले म सिधै अस्पताल पुग्छु । त्यहाँ देख्छु, रमेश म भन्दा पहिला नै पुगेर पनि एक भिखारीलाई, जसलाई म सँधै नै बजारमा भीख माँगिरहेको देख्छु, प्रश्न गर्दै रहेछ— "अहिले कस्तो हुनुहुन्छ ?" "अस्पताल आउनसाथ कहाँ जाति हुन्छ र ? तर तिमीले स्कूल भ्यायौ के ?" म तरंग हुन्छु । रमेश ढिलो आउनको कारण त यहि नै रहेछ तर उसले किन भनेन ? मलाई कता-कता रीस उठ्यो तर पनि त्यो रीस नदीको किनारमा आएको एकै-पल्टको छाल झैं शान्त भयो । सोचे आफैलाई रीस उठेर आयो, व्यर्थै मसोंचो एउटाको रीसले अर्कोलाई पिटें । मलाई ग्लानी र पश्चतापले सताउन थाल्यो ।

"तिम्रो उसित कस्तो नाता छ ?" बिमारी एक भिखारी हुन् भनेर जान्दा-जान्दै पनि म अज्ञान बनी प्रश्न गर्छु । रमेशले मतिर पुलुक हेर्यो मात्र केहि बोल्न चाहेन । सायद उसले मुक भाषा-मा भन्यो होला मानवताको ।

'A Day in a Year'

By the River of Tista ?,
there we sit down,
STAFF PICNIC 90

' Save the last Dance
may that be Tibetan '

Every good thing comes
to an end so does the
Staff Picnic 90

'Hours of Glory'

Black and White all over Football Trophy in the middle.
'Sahid Smarak Challenge Trophy winners.
S. U. M. I. XI 90

" The Gift of Magi "
It's the thought and not the thing that Counts.

Neither is the Dasho's Scarf nor is the tie but a recognition symbol for winning the prize money scheme of the Govt. of India for the Second consecutive year S. U. M I. XI

'दोषी चश्मा'का कथाहरू

नवीन पौड्याल
बाह्रौं श्रेणी 'कला'

नेपाली साहित्यको मनोविज्ञान क्षेत्रका विद्वान स्व० विश्वेश्वर प्रसाद कोइरालाको 'दोषी चश्मा' उच्च मनोवैज्ञानिक कथाहरूको एक संगालो हो। यो पढ्दा हामीलाई यो गर्व लाग्दछ कि हाम्रो साहित्यमा पनि यस्ता मनोवैज्ञानिक कथाहरू समावेश छन्। उनका अन्य कृतिहरू पनि मनोविज्ञानमय छन्। हुन त यो 'दोषी चश्मा' जो कोहीले पढ्दा एक लोहोटा पानीले नुहाए जस्तो मात्रै हो। यसकारण यसलाई पूर्णतया बुझ्नको निम्ति गहन अध्ययन गर्नु आवश्यक छ।

'दोषी चश्मा'मा जम्मा सोह्रवटा मौलिक मनोवैज्ञानिक कथाहरू समावेश गरिएका छन्। यो पुस्तक जम्मा १०९ पृष्ठले भरिएकोछ। सन् १९४५ सालमै प्रकाशित भएको अनुमान लगाउन सकिन्छ। बेसीजस्ता कथाहरू सुन्दरीजल ज्यालखानामा लेखेका हुन्। राणा शासन कालमा राजनैतिक एवं साहित्यिक क्षेत्रद्वारा आन्दोलन गरेका थिए वा योगदान दिएका थिए। उनको यो एक खुबी छ कि उनले मानिसको अचेतन र अर्धचेतन अवस्थाको काल्पनिक चित्रण जस्ताको तस्तै उतारिदिन्छन्। उनका सम्पूर्ण कथाहरू यसैमा समावेश छन् भन्न त सकिन्दैन तर यसमा उनका उच्चकोटीका कथाहरू थुप्रेका छन् भन्दा कुनै अत्युक्ति नहोला।

यस 'दोषी चश्मा' भित्र गाभिएका कथाहरू मध्ये कथा 'दोषी चश्मा' एक महत्वपूर्ण मानिन्छ। यहाँ पात्र केशवराजले मालिकलाई नमस्कार गरिन भनेर चश्मालाई र आफैलाई धिक्कार्छ अनि उसको मानसिक रूप पनि यो पछुताउने विग्रिन्दै जान्छ। तर वास्तवमा वनको बाघले खाओस या नखाओस मनको बाघले खाएको स्पष्ट दर्शाउँछन।

अर्को कथा 'कर्नेलको घोडा'-खुबै सफल मनोवैज्ञानिक कथा हो। यहाँ स्त्रीसुलभ मनोविश्लेषण दर्शाएको छ किनकि १९ वर्षे कर्नेलनी र ४५ वर्षे कर्नल, जहाँ कर्नेलनी बुढ़ा पतिसंग रिझिन सक्तिनन् अनि तिनीहरूको दाम्पत्य जीवन असफल रहन्छ। अर्को सफल कथा 'स्वेटर' हो, जुन कथामा मुख्त पात्रा मैयाले एउटा स्वेटर बुन्छे तर त्यो बिग्रिन्छ अनि एकजना रामे भन्ने नोकरलाई दिन्छे तर यसको फलस्वरूप अनेकौं शंका-उपशंका, विवादहरू खड़ा हुन्छन्।

अर्को कथा 'स्कूल मास्टर' पनि सफल छ। यस कथामा नन्दराज भन्ने एकजना स्कूल मास्टर (शिक्षक), जो आफू शिक्षक भएको घमण्ड गर्थे अनि आफूले भनेका कुरामा आफै मख्ख पर्थे मानौ एकजना शिक्षकको अन्तःकरणका भावहरू लेखकले पोखिदिन्छन्। अर्को कथा 'कथा'मा लेखकले एकजना ऋषिको असफल तपस्याको वा एक ऋषिको पतन भएको वर्णन गर्छन, जो उसको काम-वासनाको प्रभावबाट। यो कथा उनकै उपन्यास 'सुम्निमा' संग मेल खान्छ

जसरी उपन्यास 'सुम्निमा'मा सोमदत्त भन्ने एकजना ब्राह्मणले कस्तै तपस्या गरेपनि उसका छोरा नातिहरू किराती बन्दछन् । अर्को कथा 'प्रेम' जसको, लेखकले यो पक्षमा लिएका छन कि एकजना विवाहिता पुरुषले पत्नीको अनुपस्थितिमा उसको जीवन नैराश्यमय मान्छ । उसले यो संसार सब अन्धकारमय देख्छ, यो जीवन विरक्त, निरर्थक मान्छ । तर पत्नी आएपछि फेरि उही संसार उज्ज्वल देख्छ, हरियाली देख्छ अनि जीवन पनि सार्थक मान्छ । भन्छ— "बाँच्नमा नै संसारका सुखको सार छ ।"

स्व० रूपनारायण सिंहको कथा 'मिस्टर एच० बी० ब्यास्नेट' सित कता कता मेल खाने कथा हो 'हरिदत्त' जो आपनो वास्तविकता लुकाई बाहिरी फुँह देखाउने प्रवृत्तिको व्यक्ति हुन्छ । अर्को कथा 'मधेसतिर' पनि सफल हो । यसमा नारीको अतृप्त काम-वासना र पुरुषको अविश्वासबारे छलंग पार्न चाहन्छन् । एकजना विधवा पहाड़बाट कारणवश (विवशबश) मधेस झरेको अनि एकजना गोरे भन्ने युवकमाथि सम्पूर्ण विश्वास गर्नु तर त्यही गोरेले उनका सम्पूर्ण सम्पत्ति चोरेर भागेको सफल चित्रण गरेका छन् । बाल विधवाको कथा 'पवित्रा'मा कथाकारले मनोविज्ञान क्षेत्रको प्रवीणता झल्काएकाछन् । पवित्रा भन्ने एक विधवी आफू विकृत (रूप) भएको कारण समाजबाट पर्याँकिएकी अनि केशवदेव भन्ने एक सज्जन व्यक्तिले उनलाई भान्से-बाहुनीको कामका नियुक्त गरिदिन्छन तर पवित्राको मनमा कता-कता केशवदेवप्रति प्रेम उब्जिएको तर प्रकट गर्न नसकेकी अन्तमा केशवदेवको विवाह हुँदा उनको मनमा कता कता चोट लागेको झल्काउँन चाहन्छन् ।

यस 'दोषी चश्मा' भित्रका अन्य कथाहरू हुन बिहा, होइ, पुस्तक, शत्रु, सखी, बौलाहा, रिक्सा तान्ने, सिपाही इत्यादि । नेपाली समाजभित्र परेका कतिपय कुप्रथा, कुव्यवस्था, मनोविज्ञान देखाएर हटाउन चाहेका छन् । भूमिकामा श्री सूर्य विक्रम ज्ञवालीज्यूले लेख्नु हुन्छ..... "चटक गर्नेले एक रुपियाँको चार रुपियाँ तुल्याउँदा उसका बाहुलाबाट रुपियाँ झरेको रमितेहरूले देखे भने त्यो चटकको केही मूल्य हुँदैन: उस्ते कथाकारले पनि आपनो दृष्टिकोण र अर्थलाई लुकाएको हुन्छ । तिनको प्रभाव पढ़नेका भावमाथि मात्र पर्छ यो कथा पढ़िसके पछि पढ़नेले जम्मै वर्णन गरिएका कुराहरूलाई एउटा नचिताएको, अनुमान नगरेको तथा विलक्षण दृष्टिले देख्न थाल्छ ।" फेरि ज्ञवालीज्यू यो कृतिको बढ़िबढ़ाई गर्दै लेख्नु हुन्छ "..... सुयोग्य लेखकका प्रयत्नद्वारा पूर्ण भएको हुँदा म प्रसन्न हुनु त स्वाभाविक नै छ तर नेपाली साहित्यमा यो कलापूर्ण ग्रन्थ उच्च साहित्यका रूपमा स्वागत गरिनेछ भन्ने पनि मेरो आशा छ ।"

हुन त यो 'दोषी चश्मा'को विषयमा लेखेर त के सूर्यका तत्त्वहरू खुट्याए जस्तो मात्र हो । अथवा "we murder to dissent" भनेर कुमे पाश्चात्य विद्वानले भने झैं मात्र हो । यसभित्र समावेश भएका तत्त्वहरू 'लहरा तान्दा पहरो गर्ज्यो' भने झैं अन्तर सम्बन्धमय छन् अथवा यो अथाह छ । "गहरे पानी पैठ मोती मिलती है" भन्ने हिन्दी कहावत मैं यसका सम्पूर्ण तत्त्वहरू जानलाई गहन अध्ययन गर्नु पर्छ ।

* * * *

सपना - एक विपनाको

हेमन दोर्जी तामाङ
वाह्रौं श्रेणी
कृषि विभाग

शून्य वातावरण, सानो कोठा, किनारमा टेबलमाथि कथाकिताब लिएर पढ्न तन्मय म। किताबको अलौकिक संसारबाट झस्कन पुग्छु ढोकाको ढकढकाइले !

"को हो···· ....?"

दैलो खोल्·····। उत्तर आउँछ राम बाण जस्तो। कथाको पाना अहि राखेर ढोका खोल्न पुग्छु। किन कि मलाई याद छ, उ को हो ?

काली जिन्सको सुट, टी सर्ट, "माइकल ज्याक्सन" झैं देखिन्छ।

के गर्दैछस्·····? सोध्छ बालकले झैं·····।

निरन्तर हुन्छु म। उत्तरको सट्टा टेबलको किताब हेरिरहन्छु।

जाउँ हौ·····बजारतिर·····के खाली कोठामा अकोत्री बस्छस्·····। हिड्·····!

मैले केही बोल्न परेको छैन। उ टेप झैं छ। क्या·····'वोरिङ्ग' भइरहेछ, हिड् जौं·····! खाली कथा पढ्छस्। कुनै दिन तँ अनि कथा हुन्छस्।

म चुपचाप लुगा लगाउन थाल्छु।

ढ्याम्म·····! ढोका लगाउँछु अनि बाटो निस्कन्छौं हामी·····। उसको कण्ठमा बप्पी लाहिरीको गीत छ "वान····टु···· श्री····प्यार·····"

एई ! के भो तँलाई 'ढ्याम' छ त ? त्रिकोण पार्क हिड् त·····तेरो वोरिङ्ग मेटाइदिन्छु।

म केही भन्दिन। उसको अनुहारमा पोतिएको युगी रंगलाई चिन्ने प्रयास गर्छु। तर····· असफल बन्छु।

पार्कमा केही क्षण् बसेर रिसी रोडको छेउ छेउ, दोकान, पोस्टर हेर्दै हिड्छौं, उसको मुखमा त्यही गीत छ। उसले अचानक पछिबाट तान्छ मलाई थाहै हुँदैन। हुत्तिएर पुग्छु उसको अघि मेरो आँखा उसको आँखामा पुग्छ तर उसको आँखा पोस्टरमा भएको·····। मलाई कस्तो कस्तो लाग्छ मूलबाटो बिचमा पोष्टर हेर्न तन्मय उसको आचरण देखी।

एई·····! हिड् त·····के हेरिबसेको·····। बजारमा अरू पनि काम छ।

काम····? के काम छ तेरो·····? उ हाँस्छ। अवाक बन्छु म, उसको हसाँइमा युगी छाप देख्छु। अनौठा, आश्चर्यको कुराहरू देख्छु। उ यस्तै छ, अनौठा कुरा गर्छ, अनि म उसको कुराको केही निष्कर्ष पाउँदिन। प्रत्येक पल उसले मलाई भुकाउँछ, म भुक्तछु। किन·····? किन·····म भुक्तु····? मनमा कुराहरू गुजुल्टिन्छ। जस्तो उ उस्तै म फेरि किन भिन्नता····· ?

झस्किन्छु, उसको बोलाइमा·····वेसी सिरियस् चैं नहु ल····। हिड् उ त्यो हेर्रौं....।

किन ....?

उ ब्यो हौ....उ ब्यो....औंलाले देखाउँछ।

म छक्क-पर्छु। सोच्छु के युग....। उसको रूपमा म अतालिन्छु।

होस्....हेर्दिन ल म, मेरो फाल्टै काम छ। तेरो चाही यही काम.....?

हिड् न ...काम....त भरे गरे पनि हुन्छ।

होइन तँ हेर म चाँहि जान्छु ल....

—पक्का हेर्दैनस्.....?

अँ.....।

ब्यसो भए.....मर् त ...म चाँही हेर्छु।

हेर्दा हेर्दै उ पर्दामा विलिन भयो। मेरो ध्यान उसकै तर्फ छ। यहि मग्नतामा घर आइपुग्छु काम पनि भुलेर।

विसौं शताब्दीको अन्तिम पाना। संसारको पनि सायद अन्तिम पाना। मानिसहरू शिक्षित बने.....प्रत्येकले जीवनको मुल्य बुझे....गरे....देखाए। तर आज मलाई लाग्यो यहाँ त एक्काइसौं शताब्दी तिर त होइन उन्नाइसौं शताब्दी तिर गइरहेछ। मनमा प्रश्न उठ्यो — के संसारको प्रत्येक मानिस यस्तै हो या यहाँका मात्र.....। विज्ञानको क्षेत्रमा मंगल यात्रा प्रयास इतिहासको छेत्रमा वर्त्तमानस्थिती याद आयो।

हृदयको कुनामा चिसो भए झैं लाग्यो। प्रार्थना गर्न लागें.....हे इश्वर यी मानिसहरूलाई सद्वुद्धि दिनुहोस्। यस स्वर्ग रूपि संसारलाई बचाउ....नु.....

झस्किएर विउझन्छु.....। घड़ी हेर्दा रातको एक बजेको पाउँछु। निधार पसिना पाउँछु त गलामा प्यास.....।

* * * *

हाम्रो समाज

—गौतम मोक्तान
बाह्रौं श्रेणी (विज्ञान)

हा...मी....एकै....हौं, हामी एकै हौं, के गरीब, के सानो के ठूलो....हा....मी.... एकै....हौं.....।

यसरीनै त्यो पर बाट बज्दै गरेको रेडियोको मधुर आवाज संगै ब्यस मिरमिरे बिहानीको शून्यताले फेरि नयाँ बिहान बोकेर, नयाँ आशाहरू सजाएर सबैलाई बिम्झाइदिन्छ। तर अभिनाश भने मस्त निद्रामा आफ्नो भाग्यको रेखाहरू सपनीमा कोरिरहेको हुन्छ.....। यतिकैमा उ पनि बिम्झन्छ, बिहानीको सात बजेछ। उसले पनि उठेर हात-मुख धुन्छ अनि प्रार्थना गर्छ, र फेरि त्यहि रातमा कोर्दा-कोर्दै अधुरो रहेको आफ्नै दुखान्त कथा फेरि शुरू गर्छ—

समाज अनि यहाँको समाज वीसेहरू....। उसलाई अचम्मै लाग्छ। यहाँको व्यवस्था, यहाँको परिस्थिति र यहाँको

रीति-थिति देखि उ अवाक छ, उसले केही सोच्न सक्दैन्……। तर उसले आफ्नो कलमबाट, आफ्नो कल्पनाहरूमा, आफ्नो भावनाहरूमा फेरि भन्ने गर्छ— हामी एकै हौं। विविधतामा एकताले जड़ित यो देशलाई भनिन्छ, समाजलाई भनिन्छ; तर यहि एक सूत्रको कथनलाई खोदालेर हेर्दा, यहि "वसुधैवकुटुम्बकम्" को महा-संचारलाई नियाल्दा यहाँ मानवता बीच आकाश र धर्तीको व्यवधान् पाइन्छ। यस्तै छ यहाँको रीति……यस्तै छ हाम्रो समाज……। वास्तवमा समाज त यस्तो हुनु पर्ने जुन समाजले कसैलाई घृणा होइन तर सबैलाई प्रेम गर्नु पर्ने, कसैको जीवन उजाड़िनु होइन तर बनाउनु पर्ने। यहिनै समाजको साँचो परिभाषा हो। तर यहाँ त सबै उल्टा छ; सबै विपरीत छ। बिचारा अभिनाश यस्ता भावनाहरूमा अल्झिएर कति दिन बाँच्ने? उसको पवित्र बिचार यस्तो पवित्र भावना कसले बुझिदिने? उसका दर्दहरू कसले पढ़िदिने……? सबै त व्यस्त छन् आफ्नो स्वार्थपूर्तिमा, सबै मस्त छन् आ-आफ्नै दुनियाँमा……।

यसरीनै यहाँ यस्तो घिनलाग्दो समाजले जन्माएको यस्तै दुषित वातावरणमा पनि अभिनाश कसैको निम्ति बाँचिदिन्छ।

यसरीनै हाम्रो समाजको यस्तो कु-प्रथाहरू, पुराना रीतिहरू जहाँ सानो जात र ठूलो जातको संगम हुनुसक्दैन। धिक्कार छ यस्तो समाजलाई अनि यहाँको समाज-सेवीहरूलाई जसले यही पुरानो रीतिहरू, यही पुरातनसनातन् चोटहरू फेरि बल्झाइरहेछ।

विश्व उन्नतिको परम चुलोमा पुगिसके तर हाम्रो नहुने समाज अझै 'तँ' सानो र 'म'-ठूलो-को संकीर्ण भनाइमा मानवता लुटिरहेको छ, मानवता छोशिरहेको छ। आखिरमा हामी सबै एउटै ईश्वरको सन्तान् हौं, एउटै रगत, एउटै हाड़-मासुले निर्मित विवेकशील प्राणी हौं। हामीमा एउटै बोली छ, एउटै भाषा छ, त फेरि किन् हामी अन्धो छौं? यसरीनै एक दिन त हामी सबै उनै ईश्वर कहाँ जानु छ। विचारा अभिनाश जसरी एक्लै चिच्याउँछ, कराउँछ। यथार्थ यहाँ उसले भन्न खोज्छ तर……तर यो समाज अनि यहाँका सेवीहरू चुप चाप हात बाँधेर हेरिरहेछ, हेरिरहेछ। यस्तै छ यहाँको रीति, यस्तै छ हाम्रो समाज……।

यसरीनै जीवनको उकाली-ओरालीहरूमा उसले देखेका सपना, गुँथेका कल्पनाहरू साकार भै भोलिका दो दिनहरूमा एउटा प्रेरणाको श्रोत भएर यी भीर, पहाड़हरूमा सँधै-सँधै जीवित रहनेछ……।

वन जंगलको नाश आउँदो भावी सन्तानको जीवन विनाश

साभार— रोशन नेउपाने
कक्षा एघारौं (कला)

वन जंगल नै हाम्रो प्राण हो ।
वन जंगल नै हाम्रो सर्वस्व हो ॥

मानिस एक सामाजिक प्राणी हो र मानिसले तीन कुरा याद राख्नु पर्छ (१) भूतकाल, (२) वर्तमानकाल, (३) भविष्य-काल । मानिसलाई सबै कुरामा निर्भर गर्नुपर्छ तर पहिले कुरो आउँछ वन जंगल । प्राकृतिक सौंदर्यताबाट वञ्चित भएर हामी बाँच्न सक्दैनौ । हरियाली वन जंगलको नाश गर्दा कतिपय समस्याहरू हाम्रो अघि आइपर्छन् ।

ती कुराहरू :—

१) प्राकृतिक सन्तुलनमा ठूलो हलचल आउँछ ।

२) मानिसले प्राकृतिक सौंदर्यता पाउन सक्दैन ।

३) मानिसलाई स्वास-प्रस्वासको प्रक्रियामा बाधा पर्न जान्छ ।

४) ठीक समयमा पानी पर्दैन, ठीक समयमा घाम लाग्दैन ।

५) जंगली जानवरद्वारा जुन मनोरंजन पाइन्छ, त्यो मनोरंजनको उपभोग गर्न सक्दैनौं ।

६) पिउने पानीको मुहान लोप हुँदै जान्छन् ।

७) खाद्य पदार्थको उब्जनी राम्रो संग हुन सक्दैन ।

८) जमीनमा सुखापन बढ्दै जान्छ इत्यादि ।

यी सब कुराहरू सठीक ढंगमा नचल्दा आउँदो भावी सन्तानमा नराम्रो असर पर्नजान्छ, र अहिलेदेखि नै हामी सतर्कता साथ अघि बढ्न पर्छ । हामी वन विकाशको योजनाहरू खोज मेल गरी निकाल्नु पर्छ ।

बिशेष गरी हामी विद्यार्थीवर्गले यी सब कुराहरूलाई मध्य नजर राखेर वन संरक्षणको मार्ग अपनाउनु हाम्रो परम कर्तव्य ठहरिएको छ ।

[दार्जीलिङ डायासिस सामाजिक सेवा विभागको तत्वावधानमा १९९० जुलाई महीनाको प्रथम साता, कालिम्पोङ क्षेत्रको शिक्षक-शिक्षिकाहरूका तीन दिने विचार गोष्ठी आयोजना गरिएको थियो । विचार गोष्ठीको प्रसंग (विषय वस्तु) थियो Teacher's Role in the context of changing Values.

विचार गोष्ठीमा श्री बी० के० सुब्बाद्वारा पाठ गरिएको विषय— "अनुशासन— छात्र एवं शिक्षकको संदर्भमा" यहाँ प्रस्तुत छ ।]

—सम्पादक

अनुशासन—छात्र एवं शिक्षकको संदर्भमा

बी० के० सुब्बा

'We may have arrived in different ships but we're all in the same boat now.'

यो अभिव्यक्ति कसको हो भन्न सक्तिन तर मलाई लाग्छ यो उक्तिले हामी सबैको जीवनको अवस्थालाई बढ़ो सुन्दर, सरल र चित्रात्मक ढङ्गमा व्यक्त गरेको छ । हो हामी सबै भिन्दा-भिन्दै परिवेश, वातावरण स्थान, सामाजिक स्थितिको सम्मुखिन् भई आएका हौं औ आज जीवन धान्नलाई शिक्षण-वृत्ति अप्नाएका छौं । हामी सबै मानो एउटै नाउमा बसेका छौं । यो नाउलाई सहज, सजग ढङ्गमा कसरी खियाउदै गन्तव्य स्थानतिर लानु पर्ने हो-नाउभित्र सवार हुने हामीमाथि निर्भर गर्दछ । अथवा हुन सक्छ हामी यसै दिशाहारा बनी समुन्द्रको छाल-प्रछालमा भट्किन्दै, प्रकृतिको दयामायामा निर्भरपरि जीवन शेष गर्नु पर्नेछ । तर जसरी एउटा नाउलाई अघि बढाउन सवार भएका सम्पूर्ण नाविकहरूको सयुंक्त प्रयास सतत, अविराम चलिरहनुपर्छ लक्ष्यतिर पुग्नलाई उसरी नै हामी सम्पूर्ण शिक्षक शिक्षिकावर्ग वर्त्तमान संकटकालीन समयमा सावधानी र सामुहिक रूपमा अघि बढ़नु पर्नेछ अनि समय पनि आएको छ ।

यही संदर्भमा आजको यो विचार-गोष्ठी समयोचित समयोपयोगी भएको छ । आजको युगको अभुतपूर्व वैज्ञानिक प्रगति, जनसंख्याको अभिवृद्धि, सामाजिक, राजनैतिक र मानव आस्थामा आएका परिवर्त्तन अस्ता क्रान्तिकारी विचार आदिले सम्पूर्ण विश्वलाई गहिरो प्रभाव पारेको छ । यसको छायले मानव जीवनको प्रत्येक क्षेत्र प्रभावित पारेको छ ।

बितेका हाम्रा अतीत, सामुन्ने खड़ा भएका वर्त्तमानमा आचार विचार आस्था, आशा, कल्पना-जल्पना व्यवहार आदि सबैमा विराट विभेदहरू पाउँछौं । हाम्रा मन मस्तिस्कहरू यी सब वास्तविकता-लाई स्वीकार गर्न कता कता असमर्थ हुन्छन् । हामी जति पनि आज यहाँ उपस्थित छौं— हाम्रा चैतन्य, हाम्रा बुद्धि-विचारहरू सबै यो सबले उद्वेलित हुन्छन् । हाम्रो मानसिक अवस्था खल्बलिन्छ । बदलँदो युग र परिस्थितिमा कता कता

नअटाउँने, नमिल्न सक्ने खालको होइदिन्छ। तर मानिसमात्रमा एउटा यस्तो अद्भुत ईश्वरीय (प्रदत्त) शक्ति छ जसले हामीलाई निरन्तर वस्तुज्ञान हृदयङ्गम् गरी तद्विषय चित्तामा लगेर स्थिति र समयानुकूल पार्न सक्षम बनाइदिन्छ।

हामी शिक्षक हौं— शिक्षण-वृत्ति हाम्रो कर्मक्षेत्र। एउटा सभ्य कुरा हामीले कहिल्यै पनि भूल्न हुन्न त्यो हो हामी पनि एकदिन छात्र-छात्रा थियौं। हामी जब पाठशालामा अध्ययन गर्थ्यौं त्यो समयको अवस्था र आज हामी जुन परिवेशमा अध्यापकको कार्य गर्न लागिरहेछौं— बेर थोर तुलना गन सक्छौं औ पाउछौं धेरै विभेदहरू!

यही संदर्भमा आजको संगोष्ठीको प्रतिपादित विषयहरू शिक्षक अनि छात्र-अनुशासन आजको परिस्थिति, समस्या अनि समाधानको विचार-आदान-प्रदान गरिने काम हुनेछ।

शिक्षण क्षेत्रमा आएको यो अन्योल पार्ने स्थिति र समस्या यहाँको मात्र होइन— यो एउटा विश्व व्यापी असाधारण दृष्य भएको छ। तर जहिले पनि मानिसले आफनो शरीरमा अनुभव गरेको पीड़ा अरूको भन्दा ज्यादै दर्दनाक अनुभव गरे झैं हाम्रो पार्वत्याञ्चलमा शिक्षण क्षेत्रमा आएको कठिनाइ, समस्या, अनुशासनको कमी, नियमको उल्लंघन, स्वछन्दताको वातावरण अरू अन्य इलाकामा भन्दा अत्यन्त चिन्ताको विषय भएको सम्झन्छौं।

एउटा दीर्घकालको अभाव ग्रस्तजीवन व्यतीत गरी शिक्षकहरूले अविराम आन्दोलन-को पश्चात् आफनो अवस्थामा किञ्चित् सुधार अवश्य ल्याएको छ। आर्थिक अवस्थामा आजको शिक्षक अघि-अघिको भन्दा केही सम्पन्न भएको छ। आर्थिक सम्पन्नता समाजमा इज्जत पाउने मापदण्ड मात्र सकिन्छ। अघि-अघि मौखिक सराहना पाइएता पनि आज त्यसको विपरीत समाजले शिक्षकलाई केही महत्व केही कदर दिन थालेको छ। तर समाजले प्रदान गरेको सुविधा र सहुलियत संग-संगै शिक्षकको समाजप्रति जिम्मावारी पनि बढ़ेको छ। हामीले सट्टामा समाजलाई के दिने? समाज हाम्रो हो समाज हामी हौं। समाज सुन्दर र शान्त बने हाम्रो जीवन सुखमय र शान्तिमय बन्न जाने छ।

आफनो कार्यकालमा लिप्त रहेको बेला प्रत्येक शिक्षकले धेरै प्रकारका कठिनाइ एवं समस्याहरू सामना गर्नपर्छ। यी सबैले प्रत्येक शिक्षकको मनमष्तिष्क उद्वेलित नपारेको पनि होइन। प्रत्येक शिक्षक कोही न कोही समय केही न केही समस्याको सम्मुखिन हुन परेको नै छ। यस्ता आइपरेका समस्याहरूलाई शिक्षकले स्वयं व्यक्तिगत रूपमा अथवा सामुहिक रूपमा समाधान गर्ने चर्चा परिचर्चा गरिरहेकै नै हुन्छन्। यति मात्र होइन अध्ययनरत कतिपय समझदार छात्रहरू पनि यी समस्याहरू देखदा चिन्तित नभएका पनि होइनन्।

अतः हामी यी सबै समस्या र कठिनाइ-को गहिराइमा पसी विचारमन्थन गरौं— अवश्य पनि यो मन्थनबाट कुनै न कुनै

मणि निस्कन्छ सक्छ जसले हामीलाई भविष्यमा सहायता प्रदान गर्ने छ—

असल शिक्षा दिन असल व्यक्ति निर्माण गर्न ।

शिक्षकको नाताले समस्याको निराकरण निम्ति आफैं स्वयं निर्दोष, स्वच्छ, कर्त्तव्यपरायण मात्र नसम्झी हामीमाझ भएको त्रुटि, दोष, अभावहरू पनि हेरौं हृदय टटौलौं, आत्मवञ्चना गर्ने काम नगरौं बरू आत्म-विश्लेषण गरौं, आफैलाई आलोचना गरौं । वर्त्तमान समयमा अनुशासनहीनताले गर्दा शिक्षाको जुन दुर्अवस्था भएको छ—दोष कसको हो ? दोष दिन सजिलो छ, औल्याउन व्यक्तिकै सहज तर दोषलाई आत्मसात गरी त्रुटि भूल स्वयं स्वीकार गर्नु ठूलो आत्मबल चाहिन्छ । अहिलेको वर्त्तमान अवस्था म संझन्छु प्रत्येक शिक्षकले यो गर्न अत्यावश्यक छ । अनुशासन—छात्र एवं शिक्षकको मूल विषय चर्चा गर्न भन्दा अघि शिक्षा के हो ? शिक्षाको मूल उद्देश्य के ? शिक्षक तथा छात्र भन्नाले शिक्षा र शिक्षण व्यवस्थासित सम्बन्ध र जोडिएका विषय नै हुन् ।

कुनै पनि आधुनिक सभ्य देशले शिक्षाको अनिवार्यतामा कुनै विरोधिताको भाव देखाएको छैन । सफल जीवनको प्राप्ति निम्ति हालमा शिक्षा मुख्य विषय बन्न गएको छ । सुख प्राप्त होस् दुःखदेखि निवृत्ति पाओस् भन्ने ध्येय प्रत्येक देहधारीले लिएको हुन्छ । मानिसमात्रले नाना प्रकारको चेष्टाद्वारा अन्तिम लक्ष्य दुःखबाट निवृत्त बनी सुख प्राप्त गर्ने प्रयास गरिरहेको हुन्छ । यसको विपरीत सामान्य पशु-प्राणीमा यस्तो हुँदैन । यस्ता पशु-प्राणीका सामान्य विचार-शक्ति विकसित नभएकोले गर्दा तिनीहरूको केवल तात्कालिक दुःख निवृत्तिको निम्ति मात्र चेष्टा हुन्छ । यस्ता प्राणीहरूको परिश्रम सफल बन्ला वा न बन्ला अथवा सुखको खोजीमा दुःख मात्र प्राप्त गरिन्दै वा अधिको सुखको सट्टामा घेरै दुःख प्राप्त भए त्यादिमा यस्ता प्राणीहरू विचार विमर्श गर्न बिल्कुलै असमर्थ छन् । तर मानिसमा विचार-विमर्श गर्ने शक्ति भएकोले यी सब सोच्दछन् परिणामतः उनीहरू एउटा निष्कर्षमा पुग्दछन् । यो दिशातिर जान शिक्षाले ठूलो सघाव पुऱ्याउँदछ अनि यसरी शिक्षाले नै मानव-जीवनको सर्वाङ्गिण क्षेत्रमा प्रभाव पारेको छ अनि यसको भूमिका अत्यन्त महत्वपूर्ण छ ।

आजको सभामा शिक्षाको व्याख्या र भिन्न-भिन्न युगमा प्रतिपादित विषयहरू व्याख्या गरिरहन कुनै प्रयोजन छैन किनभने सबैलाई यसको जानकारी छ ।

अतः विभिन्न मत-मतान्तरको हामी केवल एउटा उद्देश्य एउटै लक्ष्य पाउँदछौं यो हो मानव-कल्याण, मानव उपकार । अझ स्पष्टरूपमा भन्नु हो भने यथार्थमा शिक्षा भने हो जसले शारीरिक, मानसिक नैतिक शक्तिहरू संवर्धित गर्दछन्, अर्थात् मान्छेको व्यक्तित्व विकास र उन्नति गर्नु नै शिक्षाको प्रमुख काम हो । शिक्षाको अन्तिम अभिष्ट नै यो हो । यहाँ विकास भन्नाले कुनै नौलो चीज व्यक्तिमा ढाल्नु होइन । यसको विपरीत व्यक्तिमा भएको अन्तर्निहित शक्ति जुन छ यस शक्तिलाई बाहिर निकालेर सठीक दिशापट्टि जानु हो ।

बालकको प्रथम शिक्षा परिवारमा शुरू हुन्छ। तर परिवारको परिधिमा पाएको शिक्षा बालकको संकीर्ण हुन्छ यदि जीवन-को विस्तृत रूपलाई ध्यान दिइएन भने। परिवार बाहेक मान्छे एउटा समाजको सदस्य पनि हो, अझ विश्वपरिवारको (समुदायको) एक अंग पनि हो। अतः अहिलेको विश्वमा प्रत्येक व्यक्तिले शिक्षा-को यस्तो अवसर पाएको हुनु पर्छ जसद्वारा उसमा भएको विशिष्टता विकसित भएको होस् साथै उसको बौद्धिक, एच्छिक, भावात्मक सामाजिक, नैतिक, सूरुचि सम्पन्न शक्तिहरू-को वृद्धि पनि हुन सकोस्। शिक्षाले एउटा व्यक्तिलाई पूर्ण मानव बनाउने लक्ष्य राखेको हुनुपर्छ।

प्रत्येक शिक्षक व्यक्तरूपमा होओस् किंवा अव्यक्त रूपमा आफ्नो कार्यकलाप-द्वारा यसैको प्राप्तितिर लागिरहेको हुन्छ। अघिनै भनिए झैं शिक्षाको दर्शन तथा यसको व्याख्या एउटा छुट्टै विषय औ एउटा छुट्टै दिशा हो। यहाँ मात्र एउटा अंशको उल्लेख गरिएको यसको महत्व र चर्चाको निम्ति।

तर वर्त्तमान शिक्षण-पद्धति एवं व्यवहारिकतामा प्रयोग गरिने विधि-विधान एवं व्यवस्थामा कतिपय विघ्न-बाधाहरू समस्याको रूपमा खड़ा भएको हामी पाउँदछौं। यी विघ्न, यी बाधाहरू संसार-को बदलदो परिस्थिति एवं परिवेश, विकास र आस्थाहरूके परिणाम हो। यी परिस्थितिहरू हाम्रा समक्ष जीवित रूपमा खड़ा छन्— आँखा चिम्म गरी यसै पन्साउन सकिन्न। यो सित जुध्न परेको छ औ नयाँ दिशा निर्धारण गरी अघि बढ़नु पर्ने छ।

हालको प्रदुषणमय संसारमा मानव मूल्य पनि दूषित भएको छ प्रकृतिमा प्रदूषण छाए झैं मानव मन क्रिया कलाप पनि अति दूषित भएको छ सामाजिकता एवं नैतिकतामा ह्रास आएको छ। भारतवर्ष कुनै समय यस्तो देश थियो जसले संसारमा एउटा उज्यालो प्रकाश स्तम्भको काम गर्दथ्यो। यो देशको आफ्नै विशेषता थियो, विभिन्न धर्म, मत, भाषा, संस्कृतिले युक्त यो देशमा आज किन जीवनको मूल्य घट्न गएको? के कारण-ले यस्तो भएको? Human Values भन्नाले हामी भन्छौं धार्मिक विश्वास, नैतिक दृष्टिकोण, जीवन-दर्शन, राजनैतिक पद्धति आदि। यी जन्मेले समाजलाई पोषण गर्दछ अनि यसको बदलावटले समाज र संस्कृतिमा ठूलो परिवर्तन आउँन सक्छ। पूर्व युरोपको हालैको घटनाले यसको प्रष्टि गरेको छ— हाम्रो समाजमा आएको मूल्य-ह्रास प्रति हाम्रा समाजका कर्णधारहरू सचेत छन्? के हामी चिन्तित छौं? किन यो ह्रास? थाम्ने कसरी यसलाई, कसले उचित मार्ग दर्शन देखाउने?

समाज र शिक्षण संस्थामा आएका कतिपय समस्याको पछि अनुशासनहीनता छ। छ। अनुशासन नै एउट यस्तो तरीका हो, जसले हामीलाई सठीक बाटोमा अघि बढ़न सहायता गर्दछ।

Discipline को शाब्दिक अर्थ शब्द-कोष अनुसार Instruction, training or mode of life in accordance of rules, Subjection to control आदि हो। Brewer's Dictionary of Phrases and fabels मा Disci—

pline को अर्थ A scourge used by Catholics for penitential purposes अर्थात् झुल्मा यो Discipline शब्दले मान्छेलाई धार्मिकताको मार्गमा अनुसरण गर्ने एउटा उपायमा प्रयोग गरिएको पाइन्छ। फेरि यो शब्द learning वा ज्ञानसित संबधित गरी, विशेष ज्ञानक्षेत्रमा विभिन्न discipline को रूपमा व्यवहृत हुने गरिंथ्यो। तर अहिले सामान्य अर्थ अनुशासनको रूपमा मुलतः प्रयोग गरिएको पाइन्छ। शाब्दिक अर्थमा दिए मैं A Good Disciplinarian भन्दा पाठशालामा शिक्षकले कक्षालाई नियंत्रणमा राखी छात्रहरूलाई काम गराउन लाउन सक्ने योग्यता बुझिन्छ। हो जहाँ discipline छ त्यहाँ कार्य्यकुशलता छ, सहजता छ औ कुने पनि काम सम्पन्न हुन सक्छ।

प्रत्येक शिक्षकले आफ्नो कक्षाभित्र उचित अनुशासन (Discipline) राख्न मनसुवा राख्दछ। यस्तो क्षमता एउटा शिक्षकमा जन्मजात हुन्छ वा त उपार्जन गर्न सकिन्छ सठीक भन्न सकिन्न यो एउटा तर्क कै कुरा हो।

अनुशासन प्रकृतिमा छ। यसैले संसारमा सुव्यवस्था छ। शरीरको सम्पूर्ण अंग एवं अवयवले अनुशासित ढङ्गमा कार्य्य प्रचालन गरे हामी निरोगी र सुस्वथ्य हुन्छौं। अनुशासित सेना भए जस्तै विशाल सैन्यदलको सामना गरी विजय हासिल गर्न सकिन्छ। खेलकूदको मैदानमा अनुशासन कायम गर्न सके त्यहाँ सफलता छ। कुनै पनि काममा होस् चाहे त्यो पठन-पाठन वा शिक्षण क्षेत्रमा वा गुरू-छात्र के कार्य्यवलीमा सफलताको निम्ति अनुशासनको तत्व हुनु अत्यन्त प्रयोजनीय छ।

स्वास्थ्य र उपयुक्त वातावरणको निमित्त श्रेणीमा ठीक अनुशासन स्थापित भएको हुन पर्छ अनि मात्र शिक्षकले नियंत्रण राख्न सक्छ आफ्नो कक्षालाई अध्यापनको निम्ति। यसो भए मात्र छात्रले गुरूको आज्ञा शिरोपर धरी पढ़ाएको विषयमा ध्यान दिन्छ। कुनै नियम कानून विना पाठशालाको कार्य सम्पन्न गर्न सकिन्न। यो नियम शिक्षक एवं छात्र दुवैको निम्ति हुन्छ जब सम्म दुवै पक्षले पाठशालाको नियम कानून आदेशलाई मान्यता दिन्न तब सम्म त्यहाँ अवज्ञा र अनियमिताको अवस्था खड़ा भएको हुन्छ। अनुशासन त्यहाँ राख्न छात्र एवं गुरू दुवैले आफ्नो बौद्धिक आचरण स्वतः राख्न सिक्न पर्छ। ठीक समय पाठशाला आउन तोकिएकोमा गुरू-छात्र दुवैले समयको पावन्दीलाइ मात्र पर्छ। गुरू समयमा नआई छात्रलाई मात्र ढिलाईको निम्ति औल्याए भने त्यो अनुचित हुन्छ।

कुनै पनि श्रेणीमा साधारणतः अनुशासनको अवस्था तीन प्रकारले स्थापित भएको हुनु सक्छ :—

१) गुरूको शारीरिक शक्ति र व्यक्तित्व —छात्रले गुरूको व्यक्तित्व र शारीरिक क्षमताले प्रभावित बनी भीत अवस्थामा आपददेखि बाँच्न अनुशासनमा बस्न परेर।

२) गुरूको अत्याधिक ज्ञान र अनुभवले प्रभावित र प्रेरित बनेर।

३) गुरूप्रति स्वाभाविक स्नेह जागृत भएर। तर यी विषयहरू पनि बिना आलोचना रहन सक्तैनन्।

नियालेर हेरे शिक्षकमा आएको प्राधिकारको स्रोत दुइ पक्षबाट आएको स्पष्ट छ। एउटा हो—स्वयं आफ्नो भित्रबाट प्रस्फुटित भई निस्केको शक्ति। अर्को हो वाह्य स्रोत जो समाजले उसलाई प्रदान गरेको हुन्छ-समाज निर्माताको प्रशंसामय शब्दको रूपमा प्रयोग गरेर। तर सबै भन्दा प्रभावशाली स्रोत उसैको अन्तरबाट उत्पन्न भएको उसको निजी व्यक्तित्वबाट। जस्तै स्वयं उदाहरण बनी, स्वयं दृष्टान्त स्वरूप खड़ा भएर। यो उसको आफ्नो मनोदशा हो उसको आफ्नै शक्ति हो यही शक्तिद्वारा पनि एक शिक्षक आफ्ना श्रेणीमा सुनियोजित ढंगमा अनुशासन राख्न सफल बन्न सक्छ। तर पनि कुनै शिक्षकको व्यक्तित्व मात्रले श्रेणीमा अनुशासन राख्न शत प्रतिशत अंशमा सघाव पुऱ्याउन सक्छ भनी भन्न सकिन्न।

अनुशासनद्वारा शिक्षकले छात्रलाई सठीक ढङ्गमा दिशा निर्देश गर्न सक्छ र फलदायक काम दिन सक्छ। तर गुरुको व्यक्तित्वले मात्र कक्षामा नियंत्रण राख्न सक्छ भन्ने कुराको सत्यता एकांश मात्र हो। तर- यी सबैको चर्चा गर्न भन्दा अघि छात्रहरूमा उच्छृंखलता उत्पन्न भई अनुशासनहीनता आउन गएको कारण के हो? यो विषयमा पनि एउटा विहंगम दृष्टि दिन अत्यन्त प्रयोजनीय ठान्दछु।

छात्रहरूमा अनुशासनको कमी आउन सकेको र परिणामतः शिक्षाको क्षेत्रमा यसको नराम्रो प्रभाव, अनुभव भएको कुराको आधारमा, यसरी विभक्त गर्न सकिन्छ। कुनै रोगको उपचार गर्न अघि रोग उत्पन्न भएको कारण र यसको अवस्थाको ज्ञान पनि परम आवश्यक छ।

छात्रहरूमा अनुशासनहीनता भएको कारण तीन तहमा विभक्त गर्न सकिन्छः— (१) घरको वातावरण। (२) वाह्य (घर र पाठशाला बाहिर) (३) आन्तरिक (पाठशाला भित्र)

घरको वातावरणले बालकको अनुशासन एवं गति विधिमा निकै गजबको प्रभाव पार्न सक्छ। घर शिक्षाको केन्द्रले सर्वप्रथम ज्ञान र अनुभव यहाँ प्राप्त गर्दछ। घरको वातावरण उपयुक्त छ, परिवारले एक उद्देश्यपूर्ण जीवननिर्वाह गर्दछ भने अवश्य पनि यसको सबल प्रभाव बालकमा प्रत्यक्ष र परोक्ष रूपमा परिरहेकै हुन्छ। यदि घरको वातावरण संतोषजनक छैन— अस्वस्थ्यपूर्ण रहे यसको कुप्रभाव अवश्य पर्छ। माता पिता एवं परिवारका अन्य सदस्यहरू धर्म-भिरु नियमानुवत्ति छ भने अवश्य पनि यसको प्रभाव बालकमा पर्दछ नै।

माता पिताको असीमित मायाको प्रभाव पनि छात्रहरूमा राम्रो भएको छैन। यसको पनि कुप्रभाव समाजमा परेको छ— पाठशालामा पनि।

चाहिए भन्दा बढ़ता पैसा बालक-बालिकालाई खर्च गर्न दिनु तथा शिक्षक पाठशालाका अधिकारीवर्गले कुनै छात्रलाई कुनै दंड दिंदा आफ्ना बालक-बालिकाहरूको कुरो सुनी, पक्ष लिंदै शिक्षक एवं पाठशालाका अधिकारीवर्गसित 'सिंग जोड़नु' आउनु कुनै-कुनै अभिभावकहरू पछि हट्दैनन्, परिणामतः यसको प्रभाव बालकमा राम्रो पर्दैन।

एउटा बालकको आफ्नो दिनचर्यामा पाठशाला भन्दा उसको वासस्थान वा भनौं पाठशाला बाहिर नै ज्यादा समय बित्दछ । यो परिस्थितिमा प्रथमतः बालकले आफ्नो निवासस्थानमा सम्पूर्ण सुबिधा वा अनुकूल वातावरण प्राप्त गर्न संक्छ ? यो पनि प्रश्न उठ्न सक्छ । हुन सक्छ त्यहाँ खेल्नेस्थानको अभाव होला, एउटै आयुको बालकहरूको समावेश पनि त्यहाँ न होला । यसर्थ बालकको सर्वाङ्गिण विकासमा घर र पाठशालाको साझ समन्वय हुनु पर्छ । तर चाहे भने घरको परिवेशमा पनि बालकहरूको मनोअवस्था निर्माण गर्नमा प्रमुख भूमिका अदाय गर्न सक्छ औ यसरी बालकहरूको समुचित विकासमा घरको स्वस्थ्या वातावरणले साघात पुऱ्याउन सहायत सक्छ— अतः शिक्षणक्षेत्रमा बाहिरो अनुशासन ल्याउन यसले मदत दिन सक्छ । यसैमा छ निवासस्थानको महत्व ।

शिक्षालयमा अनुशासनको मतलब साधारणतः आज्ञा, गर्नु पर्ने काममा एउटा नियमित हुनु, आदेशको पालन गर्नु । अनुशासित पाठशालामा सामान्यतः कक्षा-तिर फाल्टो शोरगुल पाइन्दैन, यदि छात्रा-लय भए त्यहाँ कुनै प्रकारको समस्या हुदैन । छात्रहरूले पाठशालाको कुनै पनि नियम उल्लंघन गरेको पाइन्दैन । पाठशाला-के वरिपरि मात्र यो व्यवस्था रहेर फेरि उता बजार सिनेमा वा पाठशाला बाहिर छात्रहरूको व्यवहार त्यही अनुरूप रहेको छ या छैन त्यसको पनि विचार हुन अत्यावश्यक छ । अतः जब सम्म विद्यार्थी-ले स्वतः नियमानुवर्तिताको पाठ हृदयङ्गम् गर्दैनन्-अनुशासन सम्भव छैन ।

विद्यार्थीहरूमा अनुशासनको कमी आएको कारणहरू मध्ये केही प्रत्यक्ष केही परोक्ष कालिम्पोङ्ग जस्तो स्थानमा अगणित पाठशालाको स्थापना । यसो भन्दा आश्चर्यचकित हुनु स्वाभाविक नै हो । पढ्न पाउने सुबिधा पाउनु हाम्रो अधिकार-हो । जति धेरै पाठशालाहरू स्थापित भए उति राम्रो तर यो सुबिधालाई हाम्रा विद्यार्थी र अभिभावकहरूले दुपयोग गर्दैछन् ।

यदि कुनै पाठशालामा कुनै छात्र-विफल भए वा कुनै कारणले सजाय भोग्न परे उसको निम्ति अध्ययन गर्ने अर्को पाठशालाको ढोका सँधै खुला रहन्छ । कतिपय पाठशालाहरू आफ्नो छात्रा-संख्या वृद्धि गर्न वा गराउन यस्ता छात्रहरूलाई निसंकोच भर्ती गर्छन् औ कोही बेला फेरि नेता भनाउँदाहरूको चापमा परिकन पनि । यसले गर्दा यी घुमन्ते छात्राहरूको एउटा ठूलो अंश स्कूल-पाठशालाहरू चाहाछैन— निडर भई प्रत्येक साल-अनुशासनमाथि पदाघात गर्दै पाठशालाको नियममाथि हाँसो उड़ाउँदै । यो व्यवस्था र स्थिति-लाई तुरन्त रोक्न प्रयास चालु हुनुपर्छ यदि शिक्षणालयमा स्वस्थ्य परिवेश ल्याउन हो भने । यो विशेष समस्या समाधान गर्न एउटा सुझाव चाहिन्छ ।

कालिम्पोङ्ग शहरको मुख्य धन्दा (Industry) भन्ने भने छात्र-छात्रालाई पढ़ाउने प्रमुख देखिन्छ । शहरको आबादी अनुपातमा छात्र-छात्राहरूको संख्या अधिकतम् भएको बुझिन्छ । यत्रो विशाल छात्र-संख्या यहाँ किन ? यत्रो ठूलो संख्यामा युवक-युवतीको ससाममले यो सानो शहरमा

कुनै समस्या खड़ा न गर्ला ? कसैले सोचेका छन् ? कालिम्पोङ्ग शहरमा यति विघ्न छात्र/छात्राहरूको जमघट भएको कारण-हरू मध्ये हो— ती छात्र/छात्रा कालिम्पोङ्ग बाहिरका जसको घरकै छेउछाउ प्राथमिक माध्यमिक पाठशालाहरू छँदा छँदै पनि यता तिर पढ़न भनी आएकोले । शहर तिरका पाठशाला छात्रहरूको अप्राकृतिक जम्घटले टम्म भरेर फुट्न आटेका-जब कि गांव-बस्ती कमान तिरका पाठशालाहरू छात्र-छात्राका कमीले गर्दा शिक्षक/छात्रको अनुपातमा चाहिए भन्दा कम भएर । अतएव यो स्थितिमाथि पनि केही विचार विमर्श गर्न पर्छ ।

Dispersal of Students हुनु अत्यावश्यक छ । यही संदर्भमा यो समस्या-सित जोड़िएको अर्को प्रसङ्ग म यहाँ राख्न चहान्छु जसको कारण पछि छात्रको अनुशासनमाथि प्रत्यक्ष परोक्ष प्रभाव परेको छ । कतिपय माता-पिताले छात्रावासको शुल्क भन्दा कम खर्चमा आफ्ना बालक-बालिकाहरूलाई Paying Guest को रूपमा केही खर्च बचाउँन भनी राख्छन् । यसमा म सबै भन्दिन तर कति यस्ता घरहरू जहाँ छात्रहरूलाई Paying Guest को रूपमा राखिन्छ तिनीहरूले पाउनु पर्ने अदायगीसित मात्र उत्सुक हुन्छन्— छात्रहरू-को पढाई र भलाईमाथि केही ख्याल गरे झैं लाग्दैन । घरमा रहंदा माता-पिताको नियंत्रणा र अनुशासनमा बस्ने बालकहरूले हठात् एउटा नयाँ वातावरणमा आफैलाई पाउँदा formative age मा यसको कस्तो प्रभाव पर्ने जान्छ हामी सजिलै अनुमान लाउन सक्छौं । पाठशालामा यसैले पनि अनुशासन विषयमा प्रभाव पारेको हुन्छ । पाठशालाको आफ्नो छात्रावास पाठशाला को एक अभिन्न अंग भएको फेरि भएन पाठशालाको नियम कानुनमा लिप्त रहनु पर्दा त्यति ठूलो समस्या यहाँ खड़ा हुन्न । तर ती घरहरू जहाँ Paying Guest राख्ने गरेछ, तिनीहरूले छात्रको पढ़ाई अनुशासन आदि विषयमा छात्रको मिस्ति पाठशालासित कुनै योगायोग राखे-को थाहा पाइन्दैन ।

बालिकाहरू भन्दा बालकहरू मनो-वैज्ञानिक दृष्टिकोणमा केही भिन्दै हुन्छन् । बालिकाहरू स्वभावतः केही भिरू-स्वभाका हुन्छन् । पाठशालाको नियम, शिक्षिका-हरूका आदेश उनीहरू प्राय मान्ने गर्छन् जब कि यसको विपरीत बालकहरू केही निष्फिक्र जस्ता हुन्छन् । पाठशालाका नियम पावन्दी आदि माथि कसरी हुन्छ बालकहरूको चेतना सजग पार्ने कोशिश हुनु अत्यावश्यक छ बालकलाई यो सिकाउनु पर्छ कि उसको भलाई पाठशाला र समाजको भलाई हो पाठशाला र समाजको बुराईमा उसको पनि बुराई हुन्छ ।

Discipline, Reward and Punish-ment आदिको आफ्नै मनोवैज्ञानिक अध्ययन छ जसको यहाँ विवरण दिने काम छैन । आज यो विद्वत् सभामा किन अनुशासनको कमी छात्रमा यसको रोक-थाममा हामी के गर्न सक्छौं यसको चर्चा मात्र हो ।

